IHRICON

मानव अधिकार संचार प्रतिष्ठान, नेपाल

महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष :- ५ | अङ्क :- १५ | महिना :- बैशाख, २०७२

## भूकम्पमा महिला र बालिका बढी पीडित

गत वैशाख १२ गते आएको विनाशकारी भूकम्प र २९ गतेलगायतका पराकम्पनका कारण मुलुकमा अकल्पनीय जनधनको क्षति भएको छ । प्रायः सबै अस्पताल र स्वास्थ्य केन्द्रहरुमा महाभूकम्पबाट घाइते हुनेहरुको पीडाको चित्कार छ । खुल्ला आकाशमुनि रात बिताउनुपर्ने बाध्यताबीच बारम्बार भूकम्पको पराकम्पनबाट त्रसित हुँदै जिउनुपर्ने सबैको नियति बनेको छ । पीडित नागरिकको गाँसबासको ठेगान छैन । सरकारका आधिकारिक निकाय तथा स्वयंसेवी संस्था वा व्यक्तिहरुले चाहेर पनि प्रभावित जिल्लाहरुमा समयमा राहत पुऱ्याउन सकिरहेका छैनन् । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको योगदानको भने सर्वत्र प्रशंसा भएको छ ।

### भूकम्पबाट मृत्यु भएकाहरुको लिङ्ग अनुसार चित्रात्मक प्रस्तुती

२०७२ बैशाख १२ देखि २०७२ जेठ ५ गते, १७:०० बजे सम्म




*सौजन्य : नेपाल प्रहरी*

सरकारी तथ्यांकअनुसार झण्डै ८ हजार ७ सय नागरिकको मृत्यु भएको छ । २१ हजारभन्दा माथि मानिस घाइते भएका छन् । त्यसमध्ये २०७२ वैशाख १२ गतेदेखि जेठ ५ गते सम्ममा ४ हजार ६ सय महिला र बालिकाको मृत्यु भएको छ । त्यसैगरी भूकम्पले ४ हजार १ सय पुरुष तथा बालकको निधन गराएको छ ।

परिवार, आफन्त गुमाएकाहरुको आँसु थामिनसक्नु छ । आँखाअगाडि बाबु, आमा, छोराछोरी, श्रीमान्, श्रीमती तथा दाजुभाइ आफन्त गुमेका छन्, जीवनभरको कमाइ घरगोठ सबै भत्किएको तथा लडेको छ, लत्ताकपडा, अन्नपात, बहुमूल्य धन सम्पत्ति र भाँडाकुँडा पुरिएका छन् । भग्नावशेष संरचनामा पुरिएका सबै मानिसको उद्धार हुन सकेको छैन । यसैगरी खतरा पहिचान गर्न नसक्ने र आफ्नो पीडा ठीक किसिमले व्यक्त गर्न नसक्ने अबोध बालबालिकालाई यस विनाशकारी भूकम्पले बढी पीडित बनाएको छ ।
भूकम्पले सबैलाई पीडा पुऱ्याएको छ तापनि सर्वाधिक पीडामा महिला तथा बालबालिका परेका छन् । खासगरी प्रसूति वा गर्भवती महिलालाई भूकम्पको ठूलो झड्का टरेपछि पनि जीवन बाँच्ने सुनिश्चितता प्राप्त हुन सकेको छैन । एकातिर प्रजन स्वास्थ्यका लागि पूर्वाधार छैन भने अर्कातिर पेटभर खाने भोजन र न्यानो कपडाजस्तो आधारभूत आवश्यकता पनि प्राप्त छैन । सबै गर्भवती महिला, भूकम्पमा परी घाइते महिला र बालबालिकालाई औषधी पुऱ्याउन सकिऐको छैन । पर्याप्त हेरचाह र स्याहार सुरसारभन्दा अहिले विपत्तिमा बाँच्न पाउनु नै ठूलो कुरा हो भन्ने सम्झेर चित्त बुझाउन परिरहेको छ । यस दुखद घडीमा भइरहेको उद्धार कार्यबाट पीडित सीमित व्यक्तिमा केही मात्र भएपनि मलमपट्टी लागेको भए तापनि मानसिक तनाव भने सबैमा कायमै रहेको देखिन्छ ।

प्रकृति नै हिंसामा उत्रिएको यो बेला मानवीय हिंसाका घटना पनि भएका छन् । २०७२ को बैशाख महिनामा मुलुकभर महिला र बालबालिकामाथि १९ वटा हिंसाका घटना भएको अखबारहरुमा प्रकाशित छ । राष्ट्रिय दैनिकहरुको अनुगमन गरी तयार पारिएको आँकडामा महिला हिंसासम्बन्धी समाचार १ वटा रहेका छभने बालबालिकासँग सम्बन्धित १८ वटा घटनाका समाचार प्रकाशित छन् । प्रकाशित समाचारहरुमा महिला तथा बालबालिकाको हत्या, बलात्कार, कुटपिट, घरेलु हिंसा, यौनजन्य हिंसासँग सम्बन्धित घटनाहरु रहेका छन् ।

यस महिना कक्षा ६ र ७ मा पढ्ने ७ किशोरीहरुले सामूहिक आत्महत्या गरेका छन्, । ४ जना बालिका बलात्कारको शिकार भएका छन्, २ बालिका यौन दुर्व्यवहारमा परेका छन् । त्यसैगरी श्रमशोषणबाट ६ जना बालबालिका पीडित भएका छन् ।

घरायसी विवादका कारण जिउमा आगो लगाएर आत्महत्या प्रयास गरेकी राजविराज ५ की शकुन्तला साहको उपचारका क्रममा निधन भएको छ ।

गत महिनाको लुलना गर्ने हो भने महिला र बालबालिकासँग सम्बन्धित हिंसाका घटनामा कमी आएको देखिन्छ । १२ र २९ गते आएको विनाशकारी महाभूकम्पका कारण अकल्पनीय जनधनको क्षतिको कारणले गर्दा पनि सबै पत्रपत्रिकामा त्यससँग सम्बन्धीत समाचारमा बढी केन्द्रित भएका कारण पनि हिंसासँग सम्बन्धित समाचार कम प्रकाशित भएको हुनसक्ने अनुमान गर्न सकिन्छ । यद्यपि नयाँ प्रकृतिका महिला हिंसाका समाचारलाई भने अखबारहरुले स्थान दिए । भूकम्पपीडित बनेर पालमुनि बसेका महिला यौनिहिंसाको शिकार भएको देखियो । काठमाडौंको टुँडिखेलमा रहेका चार महिलामाथि यस प्रकारको हिंसा भएको उजुरी पर्नुले पनि देशभर यस्ता घटना कति भएहोलान् भनेर अनुमान लगाउन सकिन्छ । यसअतिरिक्त सञ्चारमाध्यममा प्रजनन स्वास्थ्यलाई पनि उठाइएको छ । सुत्केरीको

स्याहार हुन नपाएको देखि मासिकश्रावको व्यवस्थापन गर्न ठाउँको अभाव भएका कारण महिला तथा किशारीहरु थप पीडिमा परेको समाचार पनि यस अवधिमा प्रकाशित भएका छन् ।

## राहत वितरणमा इह्रिकनको सहभागिता






भोटेनामलाङ, सिन्धुपाल्चोक, ९ जेठ । वैशाख १२ र त्यसपछिका भूकम्पका धक्काले सर्वाधिक प्रभावित सिन्धुपाल्चोक जिल्लाको भोटेनामलाङ गाविसमा शुक्रबार मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) सहितको सहभागितामा राहत वितरण गरियो ।

नेपाल जनसम्पर्क समिति जापान, मदरल्याण्ड नेपाल- युएसए र पशुपतिनाथ फाउण्डेसन, लसएञ्जलस, अमेरिकाको अगुवाइमा भएको राहत वितरण कार्यक्रममा इह्रिकनले स्थानीय संयोजन तथा व्यवस्थापन गरेर सघाएको थियो ।

'विदेशमा रहेपनि हामी नेपाली हौं, हाम्रो मुटु नेपाली हो जो आफ्ना दाजुभाइ-दिदीबहिनीलाई चोट पर्दा दुख्छ' नेपाल जनसम्पर्क समिति जापानका तर्फबाट राहत वितरणको अगुवाइ गर्दै आएका बलराम श्रेष्ठले भेलालाई बताउनुभयो- हामी तपाईंहरुको दुखेको घाउमा मलम लगाउने प्रयोजनले जापानदेखि यहाँ आएका हौं ।

'नेपालमा बाढी आउँदा अथवा कोही दुर्घटनामा परेर बेखर्ची बन्दा होस्, अथबा माओवादी सशस्त्र द्वन्द्वका समयमा प्रभावित पत्रकारहरु हुन् सबैलाई सघाउँदै आएको अमेरिकाको क्यालिफोर्नियामा सक्रिय मदरल्याण्ड नेपाल यस पटक तपाईं भूकम्पपीडितका लागि केही राहत लिएर आएको छ' सनफ्रानसिसको बेएरिया क्षेत्रका लागि नेपाली पर्यटन राजदूतसमेत रहेका अनिल पाण्डेले राहत लिन जम्मा भएका सहभागीलाई बताउनुभयो ।

पशुपतिनाथ फाउण्डेसन, युएसएका गोकुल पौडेलले बढी मात्रामा भूकम्पपीडित ६ जिल्लामा सहयोग पुर्‍याइसकेको जानकारी गराउँदै अमेरिका फर्केर पुनः राहतका लागि स्रोत जुटाउन सक्रिय हुने बताउनुभयो ।

राहत सामग्रीमा चामल १०० बोरा, जस्तापाता ९११ थान र औषधि पाँच कार्टुन रहेको थियो । ९५

प्रतिशतभन्दा बढी घर ध्वस्त भएको भोटेनामलाङ गाविसका राहत पाउने १ देखि ५ नम्बर वडाका जनताको प्रतिनिधित्व गर्दै पाँच नम्बर वडाका वडासंयोजक वीरबहादुर तामाङले राहतका लागि सबैलाई धन्यवाद दिनुभयो ।

मदरल्याण्ड नेपालको संयोजनमा स्वास्थ्योपचारका लागि नेपालमा एक महिनासम्म रहने चार सदस्यीय अमेरिकीहरुको प्यारामेडिकल टोलीले भोटेनामलाङमा शुक्रबारै ५६ स्थानीय वासिन्दाको उपचार गरेको थियो ।

इह्रिकनबाट कार्यकारी निर्देशक कपिल काफ्ले र कार्यालय सहायक खड्ग ओली राहत वितरणको व्यवस्थापनमा खटिएका थिए ।

## भूकम्पबाट पीडित महिला र बालबालिका









*स्रोत : सामाजिक सञ्जाल*




जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपा (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. ०१-५०११२०४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।